नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार काठमाडौं

# प्रेस विज्ञप्ती

संविधानको प्रावधान अनुरुप मुलुक संघीय प्रणालीमा अनुरुप तीनै तहहरुको निर्वाचन सम्पन्न गाउँपालिका/नगरपालिकाहरु जनप्रतिनिधिहरुको सवल नेतृत्वमा हाल सञ्चालनमा छ । यद्यपि भरखरै गठन भएका स्थानीय तहहरुमा कर्मचारी व्यवस्थापन तत्कालका लागि केही जटिल हुन गएको देखिन्छ । कर्मचारी व्यवस्थापनलाई कर्मचारी समायोजन ऐन र नियमावलीको प्रावधान अनुरुप सहजिकरण गर्दै लैजाने र स्थानीय तहलाई आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन गरिने नै छ ।

तर तत्काले स्थानीय तहहरुको कार्यलाई प्रभावकारी र सेवा प्रवाहलाई सुचारु र नियमित गर्न स्थानीय तहहरुलाई तुरुन्तै प्राविधिक कर्मचारीको टड्कारो आवश्यकता परेको यथार्थतालाई ध्यानमा राख्दै नेपाल सरकार (मा. मन्त्रीस्तर) बाट **स्थानीय तहमा करारमा जनशक्ति व्यवस्थापन सम्वन्धी कार्यविधि**, **२०७४ (नमुना कार्यविधि)** स्वीकृत भएको छ । यस नमुना कार्यविधिलाई सम्वन्धित स्थानीय तहहरुले आ-आफ्नो आवश्यकता अनुसार कार्यपालिकाको वैठकबाट निर्णय गरी लागु गर्न सक्नेछन् ।

यस नमुना कार्यविधिले संगठनको दरवन्दी अनुसार जनशक्ति करारमा लिदा स्थानीय तहले अपनाउनु पर्ने विधि तथा स्थानीय तहलाई आवश्यक पर्ने विभिन्न सेवाहरु (इन्जिनियरिङग, कृषि, पशु, वन, स्वास्थ्य) सँग सम्वन्धित जनशक्तिको करारमा सेवा लिन सक्ने व्यवस्था गरेको छ । करारमा जनशक्ति लिनका लागि स्थानीय तहले स्वीकृत दरवन्दीको परिधिमा रही कार्यालयका लागि वर्ष भरी आवश्यक पर्न सबै जनशक्तिको लागि चाहिने न्यूनतम शैक्षिक योग्यता, कार्य अनुभव आदि योग्यता निर्धारण गरी १५ दिनको म्याद दिई सार्वजनिक रुपमा सूचना जारी गर्ने तथा यस्तो सूचना स्थानीय तहले आफ्नो Website, कार्यालयको सूचना पार्टी र जि.स.स को सूचना पार्टीमा प्रकाशित गर्न पर्नेछ ।

आवेदन दिने व्यक्तिहरुको शैक्षिक योग्यता, कार्य अनुभव, वसोवास र अन्तवार्तामा प्राप्त अंकको योगलाई अन्तवाता समितिले र सुचिकरण व्यक्ति छनौटको मूल्यांकन आधार मानी आवेदकहरुको सूची तयार गर्ने व्यवस्था गरेको छ । यस्तो समिति प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा गठन हुने र समितिले सुचिकरण गरे पछि आवेदकहरुको योग्यताक्रम अनुसार सुचिकरणको विवरण प्रकाशन गर्नु पर्दछ । कार्यालयले सुचिकृत भएका मुख्य उम्मेदवारसँग ७ दिनको सूचना दिइ तोकिएको ढाँचामा निजसँग करार सम्झौता गर्न र सोही करार सम्झौतामा निजको कार्य विवरण, शर्त करार अवधि, पारिश्रमिक आदि मुख्य कुराहरु उल्लेख हुनु पर्ने व्यवस्था राखिएको छ । यस्तो करार सम्झौतामा करार समाप्तीका शर्तहरु समेत उल्लेख हुनु पर्नेछ ।

नेपाल सरकार र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय यो नमुना कार्यविधि मार्फत स्थानीय तहहरुको कार्य व्यवस्थापन सहज हुने र कार्य सञ्चालन प्रभावकारी हुन गई स्थानीय तहहरुले विकास र सेवाहरु जनता माझ सहज रुपमा पुऱ्याउन सक्ने अवस्था सृजना हुने कुरामा विश्वस्त रहेको सरोकारवाला सबैमा अनुरोध छ ।

रुद्रसिंह तामाङ

सह सचिव (प्रवक्ता)

२०७४ चैत्र १३

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(संघीय मामिला)

Scanned by CamScanner